Bhujung Hydropower Limited.

भुजुङ्ग हाइड्रोपावर लिमिटेड

टोखा–१०, काठमाडौं

पुराना सवारी साधनहरु लिलाम बिक्री सम्बन्धी सूचना

सूचना नं. २६/२०८३/०८४

प्रथम पटक प्रकाशित मिति २०८३/०५/३०

यस भुजुङ्ग हाइड्रोपावर लिमिटेडको स्वामित्वमा रहेका देहाय बमोजिमका पुराना सवारि साधनहरू यस कम्पनीको मिति २०८३/०५/१७ गतेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार लिलाम प्रक्रियाद्वारा बिक्रि वितरण गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/कम्पनीहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०८३/०६/१२ गते) भित्र प्रत्येक सवारी साधनको लागि छुट्टाछुट्टै बोलपत्र फारम खरिद गरी मिति २०८३/०६/१३ गते दिनको १२:०० बजे भित्र देहायका शर्तहरूको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

क्र.सं.	सवारी नं.	सवारी साधनको किसिम	बनेको साल (ई.सं.)	न्यूनतम लिलाम मूल्य (मु.अ. कर सहित रु.)	बोलपत्र फारम दस्तुर रु.	कैफियत
१	बा.प्र.०२,०३५प ५१३३	होण्डा एस पि साइन मो.सा.	2021	१,१५,१३०/३६	१,०००/-	
२	बा २२ प ५४२९	यामाहा गल्याडिएटर मो.सा.	2007	४,५०५/६०	१,०००/-	
३	बा २१ च ७२२६	महिन्द्रा स्कोर्पियो पिकअप (4WD)	2019	७,७७,६६०/८२	३,०००/-	

१) सिलबन्दी बोलपत्र खुल्ने स्थान, समय र मितिः
स्थानः भुजुङ्ग हाइड्रोपावर लिमिटेडको रजिष्ट्रार कार्यालय टोखा-१०, काठमाडौं।
समयः दिनको २:०० बजे।
मितिः २०८३/०६/१३ गते

२) बोलपत्र साथ बोलपत्र जमानत बापत आफुले कबोल गरेको रकमको (मू.अ.कर सहित) २० (बिस) प्रतिशतले हुन आउने रकम यस कार्यालयको कुमारी बैंकमा रहेको बैंक खाता नं. 0050100921800001 मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ। बोलपत्र स्विकृत भएका व्यक्ति, फर्म वा कम्पनीहरुले यस कम्पनीको बैंक खातामा राखेको उक्त धरौटी रकम लिलाम सकारेको सवारी साधनहरूको नामसारी भए पश्चात् मात्र फिर्ता गरिनेछ।

३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले ३ दिनभित्र सम्झौता गर्नु पर्नेछ। अन्यथा बोलपत्र रद्द गरी धरौटी बापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ। माथि उल्लेखित न्यूनतम मूल्य बाहेक लाग्ने सम्पूर्ण खर्च एवं भुक्तानी गर्नुपर्ने सम्पूर्ण प्रचलित कर लिलाम सकार्ने पक्षले व्यहोर्नु पर्नेछ।

४) उपरोक्त तालिकामा उल्लेखित बोलपत्र फारामको दस्तुर (पछि फिर्ता नहुने) यस कम्पनीको कुमारी बैंकको बैंक खाता नं. 0050100921800001 मा रकम जम्मा गरी यस कम्पनीको प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ।

५) लिलाम हुने सवारी साधनहरू हेर्न/बुझ्न चाहनेले कार्यालय समय बिहान १०:०० बजेदेखि दिउसो ३:०० बजेसम्म यस कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क नं. 01-4970176 मा सम्पर्क राख्न सकिनेछ।

६) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, राष्ट्रिय परिचय पत्रको प्रतिलिपी वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा दर्ता प्रमाणपत्र (नवीकरण गरिएको) र स्थायी लेखा नम्बर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

७) बोलपत्र सम्बन्धी सूचना यस कार्यालयको वेवसाईट https://bhujunghydro.com/ मा राखिएको छ।